कोशी प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

विराटनगर, नेपाल

प.सं.: ४/०८२/०८३

च.नं.:

मिति: २०८२।०८।०७

## विज्ञप्ति

मिति २०८२।०८।०६ गते यस मन्त्रालयलाई समेत जोडी रातोपाटीमा प्रकाशित " एउटै घुम्ने कुर्सी १ लाख ७१ हजार मा खरिद, जल्यो जेनजी आन्दोलनमा" भन्ने शीर्षक समाचारप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ। समाचारले जेनजी घटनाको प्रहरी मुचुल्कामा उल्लेखित परिमाण नबुझी घटनामा विभिन्न प्रकारका फर्निचरको क्षति मूल्याङ्कन गर्न भौतिक पूर्वाधार मन्त्रालयले तय गरेको फर्निचरको प्रकार अनुसार एकमुष्ठ मूल्याङंकन गर्ने तालिकामा सबै घुम्ने कुर्सिको उल्लेखित मूल्य लाई एक घुम्ने कुर्सीको मूल्य भनी समाचार प्रकाशन भएको र समाचारको पृष्ठभुमिमा राखेको यस मन्त्रालयसंग सम्बन्धित सबै सामग्रीहरुको परिमाण एक/ एक थान गरी प्रकासित समाचार प्रहरी मुचुल्कामा उल्लेखित परिमाणसंग अमिल्दो तथा वास्तविक नरहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

आन्दोलनको क्रममा मन्त्रालयमा जलेका १० वटा घुम्ने कुर्सीको जम्मा खरिद मूल्य रु १,७१,२५० भएको र यसरी हेर्दा उक्त घुम्ने कुर्सीको औषत मूल्य १७१२५ (सत्र हजार एक सय पच्चिस) मात्र हुन आउछ। मन्त्रालयमा १ लाख ७१ हजार पर्ने गरी कुनै कुर्सी स्थापनाकालदेखी हालसम्म खरिद नभएको र प्रयोगमा समेत नरहेको हुँदा उक्त समाचारबाट सिर्जित भ्रममा नपरी दिनु हुन जानकारी गराइन्छ ।

प्रवक्ता



CamScanner